जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २७१ • २०८३ श्रावण ५ गते मंगलवार • 21 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## टुटेश्वरनाथ महादेव मन्दिरमा सोमबार बिहानैदेखि श्रद्धालुभक्तहरूको घुइँचो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ४ श्रावण




साउने महिनाको पहिलो सोमबारका अवसरमा महोत्तरीको बर्दिबास नगरपालिका-५ स्थित चुरे पर्वतको काखमा अवस्थित टुटेश्वरनाथ महादेव मन्दिरमा सोमबार बिहानैदेखि श्रद्धालुभक्तहरूको उल्लेख्य भीड लागेको छ ।

'मधेशको कैलास' तथा 'नेपालको बाबाधाम'का रूपमा परिचित यस पवित्र धार्मिकस्थलमा नेपालका विभिन्न जिल्लाका साथै भारतीय सीमावर्ती क्षेत्रबाट आएका हजारौँ भक्तजनले भगवान् शिवको जलाभिषेक तथा पूजाआराधना गरिरहेका छन् । हिन्दू धर्मावलम्बीका लागि भगवान् शिवको अत्यन्त प्रिय महिना मानिने साउनमा प्रत्येक सोमबार विशेष धार्मिक महत्व रहने विश्वास छ । यही आस्थालाई निरन्तरता दिँदै प्रत्येक वर्ष आयोजना हुने साउने बोलबम मेलाले टुटेश्वरनाथलाई धार्मिक, सांस्कृतिक तथा पर्यटनका दृष्टिले महत्वपूर्ण गन्तव्यका रूपमा स्थापित गर्दै आएको छ । टुटेश्वरनाथको शिवलिङ्ग अत्यन्त प्राचीन रहेको जनविश्वास छ। स्थानीय बुढापाकाका अनुसार यसलाई त्रेतायुगका विदेहराज शिरध्वज जनकको शासनकालसँग जोड्ने गरिन्छ । द्वापर युगमा वनवासका क्रममा पाण्डवहरूले यही स्थानमा भगवान् शिवको आशीर्वाद प्राप्त गरेको तथा अर्जुनले किरात रूपधारी भगवान् शिवको दर्शन यहीँ गरेको धार्मिक विश्वास पनि रहिआएको छ । पूर्वीय दर्शनका जानकार तथा बर्दिबास-५ चेरुका ८० वर्षीय भोगेन्द्रराज पौडेलले टुटेश्वरनाथ धार्मिक आस्थाको केन्द्र मात्र नभई ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले पनि अत्यन्त महत्वपूर्ण स्थल रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यस स्थानसँग जोडिएका पौराणिक कथा, जनश्रुति र ऐतिहासिक महत्वबारे थप अध्ययन र व्यापक प्रचार-प्रसार गर्न आवश्यक छ ।" साउन महिना, महाशिवरात्रि तथा बालाचतुर्दशीका अवसरमा यहाँ विशेष मेला लाग्ने गरेको छ । टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिका अनुसार पछिल्ला पाँच वर्षदेखि साउन महिनाभर करिब २० लाख श्रद्धालुभक्तले दर्शन गर्ने गरेका छन्। यस वर्ष पनि श्रद्धालुको सङ्ख्या अझ बढ्ने अपेक्षा गरिएको छ। मेला व्यवस्थापनलाई व्यवस्थित बनाउन समितिले सरसफाइ, रङरोगन, सजावट तथा अस्थायी पसल सञ्चालनका लागि टहरा व्यवस्थापन लगायतका तयारी समयमै सम्पन्न गरेको जनाएको छ। समितिका अध्यक्ष राजाराम यादवले यस वर्ष मन्दिरप्रति सरकारी निकाय, जनप्रतिनिधि तथा सामाजिक सङ्घसंस्थाको चासो उल्लेखनीय रूपमा बढेको बताउनुभयो । उहाँका अनुसार प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतो, मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री शारदा थापा, स्थानीय जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरूले मेला तयारीको निरन्तर अनुगमन गरिरहनुभएको छ ।

## व्यावहारिक ज्ञान र पहुँच विस्तार सम्बन्धी मुक्त हरवाचरवा समुदायका लागि कानुनी साक्षरता शुरु




जलेश्वरटुडे समाचारदाता
धनुषा, ४ श्रावण

मुक्त हरवाचरवाको कानुनी साक्षरता अभिवृद्धि गर्दै नागरिकता, भूमि अधिकार, सामाजिक सुरक्षा, श्रम अधिकार, निःशुल्क कानुनी सहायता, लैङ्गिक न्याय तथा जातीय विभेदविरुद्ध उपलब्ध कानुनी संरक्षणबारे व्यावहारिक ज्ञान र पहुँच विस्तार गर्ने उद्देश्यले राष्ट्रिय दलित नेटवर्क, नेपालको न्याय केन्द्र कार्यक्रम अन्तरगत आजदेखि धनुषा जिल्लाको शहिदनगर नगरपालिकाको वडा नं.५ स्थित सिमरापट्टी टोलमा मुक्त हरवाचरवा समुदायका लागि कानुनी साक्षरता शुरु भएको छ ।

कार्यक्रमको उदघाटन गर्दै शहिदनगर नगरपालिका नगर उपप्रमुख सुनीता सिंहले मुक्त हरवा-चरवा समुदायका लागि सञ्चालन गरिएको यस कानुनी साक्षरता क्लिनिक अत्यन्तै समयसापेक्ष र अधिकारमुखी पहल भएको बताउनु भयो । साथै उहाँले कानुनको जानकारी बिना संविधानले प्रत्याभूत गरेका अधिकारहरूको प्रभावकारी उपयोग सम्भव नभएको कुरामा जोड दिनुभयो । उहाँले आफु शहीदनगर नगरपालिकाको न्यायिक समितिको संयोजक भएको हैसियतले अन्याय, विभेद, श्रम शोषण तथा लैङ्गिक हिंसाका घटनामा पीडित नागरिकले निष्पक्ष, सहज र पहुँचयोग्य न्याय प्राप्त गर्ने वातावरण निर्माण गर्न न्यायिक समिति सदैव प्रतिबद्ध रहने बताउनु भयो ।

राष्ट्रिय दलित नेटवर्क, नेपालका केन्द्रीय उपाध्यक्ष श्याम सुनारले मुक्त हरवा-चरवा समुदायको अधिकार, स्वतन्त्रता, पुनःस्थापना र न्यायमा पहुँच सुनिश्चित गर्न निरन्तर कानुनी साक्षरता, पैरवी, सामुदायिक सशक्तीकरण तथा निःशुल्क कानुनी सहायता कार्यक्रम सञ्चालन गर्नका लागि स्थानिय सरकारले पहल कदमी लिनुपर्ने कुरा बताउनु भयो । साथै उहाँले कानुनी साक्षरता क्लिनिक सञ्चालनको माध्यमबाट समुदायलाई आफ्नो अधिकारको प्रयोग गर्न सक्षम बनाउन निरन्तर पहल गरिनुपर्ने कुरा बताउनुभयो ।




स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामाग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# विपद् व्यवस्थापनमा सक्षम हुनुपर्छ

*भविष्यको सुरक्षा प्रणाली सूचनामा आधारित हुने भएकाले देशमा 'एकीकृत राष्ट्रिय सुरक्षा सूचना प्रणाली' स्थापना गर्नुपर्ने आवश्यक रहेको देखिन्छ । संघीय संरचना, स्रोत व्यवस्थापन र विपद् सुरक्षा संविधानको संघीय ढाँचा अनुसार संघीय प्रहरीले राष्ट्रिय तथा अन्तरदेशीय अपराध र प्रदेश प्रहरीले प्रादेशिक अपराध, स्थानीय समन्वय, सामुदायिक सुरक्षा र मानव अधिकारको पाटो हेर्ने गरी स्पष्ट खाका हुनुपर्ने देखिन्छ । प्रहरीको उत्तरदायित्व र गुनासो सुन्ने स्वतन्त्र संयन्त्र वा आयोगको व्यवस्था अहिल्यै गरिनुपर्ने देखिन्छ । आधुनिक प्रहरीको सफलता जनशक्तिभन्दा बढी प्रविधिमा निर्भर रहेको देखिन्छ । त्यसैले प्रविधिमैत्री कार्यालय, कृत्रिम बुद्धिमत्ताको प्रयोग, डिजिटल प्रमाण संकलन र ज्ञान, सीप एवं नैतिकतामा आधारित जनशक्ति भर्नामा लगानी बढाउनुपर्ने देखिन्छ । साइबर, वित्तीय अपराध, अपराध मनोविज्ञान र विधि विज्ञानजस्ता विशिष्टीकृत विधामा संगठन भित्रै विशेषज्ञ सेवा कसरी लिने र दुरुपयोग कसरी रोक्ने भन्ने स्पष्ट मार्गचित्र हुनुपर्ने देखिन्छ ।*

*यसका साथै जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परिरहेको भूकम्प, बाढी, पहिरो, खडेरी र अतिवृष्टिजस्ता प्राकृतिक विपद्मा प्रहरी नै नागरिकको पहिलो सहयोगी भएकाले विपद् व्यवस्थापनमा प्रहरीलाई सक्षम बनाउन ऐनमै विशेष वित्तीय र व्यवस्थापकीय अधिकार दिइनुपर्ने आवश्यक रहेको देखिन्छ ।*

# महिला लाई आत्मनिर्भर बनाउने उद्देश्यले ब्याहुत सेवा समिति द्वारा निःशुल्क सिलाइ-कटाइ तालिम सुरु

रेविता कुमारी
जनकपुरधाम, ४ श्रावण



जनकपुरधाम-४ स्थित ब्याहुत सेवा समिति (कलवार कुट्टी), नेपाल ले महिलाको सीप विकास, आत्मनिर्भरता र स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले तीन महिने निःशुल्क सिलाइ-कटाइ प्रशिक्षण कार्यक्रम शुक्रबार देखि सुरु गरेको छ ।

कार्यक्रम ब्याहुत सेवा समिति (कलवार कुट्टी), नेपालका अध्यक्ष श्याम प्रसाद साहको प्रमुख आतिथ्यता तथा महिला नेतृ एवं महिला मञ्चकी अध्यक्ष रेणुका देवी साहको अध्यक्षतामा सम्पन्न भएको हो । प्रमुख अतिथि श्याम प्रसाद साहले महिला लाई आर्थिक रूपमा सक्षम बनाउन सीपमूलक तालिम अत्यन्त आवश्यक रहेको उल्लेख गर्दै तालिम बाट सिकेको सीपलाई व्यवहारमा उतारी स्वरोजगार सिर्जना गर्न सहभागी महिलालाई आग्रह गरे। उनले संस्थाले आगामी दिनमा पनि महिलाको क्षमता अभिवृद्धि र सामाजिक सशक्तीकरणका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । अध्यक्षता गर्दै रेणुका देवी साहले महिलाको आर्थिक सशक्तीकरण नै परिवार र समाजको समृद्धिको आधार भएको बताइन् । उनले तीन महिनासम्म सञ्चालन हुने तालिम बाट सहभागी महिलाले व्यावसायिक सीप हासिल गरी आत्मनिर्भर बन्ने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा संस्थाका पदाधिकारी, समाजसेवी तथा स्थानीय महिलाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। आयोजकका अनुसार तालिम सफलतापूर्वक सम्पन्न भएपछि सहभागीहरूलाई सीपको व्यावहारिक उपयोग मार्फत स्वरोजगार तर्फ प्रेरित गरिनेछ ।

# जनकपुर उद्योग वाणिज्य संघका नवनिर्मित विविध संरचनाको उद्घाटन

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, ४ श्रावण



जनकपुर उद्योग वाणिज्य संघको ५८औं वार्षिक साधारणसभाको अवसरमा संघ परिसरमा निर्माण तथा स्तरोन्नति गरिएका विभिन्न पूर्वाधारहरूको शनिबार औपचारिक उद्घाटन गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा (एमाले)का उपमहासचिव तथा पूर्व उपप्रधानमन्त्री रघुवीर महासेठले सुविधा सम्पन्न गणेश अतिथि सदन, नवनिर्मित गणेश मन्दिर, प्रशासकीय भवनको स्तरोन्नति तथा सौन्दर्यकरण, मिथिला चित्रकलाले सजाइएको पर्खाल र विश्रामका लागि निर्माण गरिएको झुलाको संयुक्त रूपमा उद्घाटन गरेका हुन् । उद्घाटन समारोहमा उद्योगी, व्यवसायी, विभिन्न संघसंस्थाका प्रतिनिधि, समाजसेवी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीहरूले संघले व्यावसायिक पूर्वाधारसँगै धार्मिक, सांस्कृतिक तथा सौन्दर्य प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै गरेको विकास कार्यको प्रशंसा गरेका थिए ।

संघका अध्यक्ष सुरेन्द्र भण्डारीको अध्यक्षतामा सम्पन्न ५८औं वार्षिक साधारणसभामा संघको वार्षिक प्रगति विवरण, आगामी कार्ययोजना तथा निजी क्षेत्रका समसामयिक चुनौती र अवसरबारे समेत छलफल गरिएको थियो । उद्घाटन गरिएका संरचनाले संघको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय पहिचानलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।





अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: पिछडेको साथी मिल्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: मित्रतामा फाटो आउने
कन्या: आम्दानी हुने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक चिन्ता
मकर: मनमा पछुतो आउने
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# प्रश्नपत्र चुहावट विरुद्ध भारतमा युवा आन्दोलन चर्कियो




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ श्रावण**

प्रहरीले अनुमति नदिए पनि शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै युवाहरूको नेतृत्वमा रहेको 'कक्रोच' आन्दोलनका हजारौँ समर्थक सोमबार संसद् भवनतर्फ मार्च गर्ने उद्देश्यले नयाँदिल्लीमा भेला भएका छन् । राजधानीको जन्तरमन्तर क्षेत्रमा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको छ भने संसद् आसपास सुरक्षा व्यवस्था कडा पारिएको छ ।

प्रदर्शनकारीहरूले अघि बढ्ने प्रयास गरे झडप हुन सक्ने भन्दै प्रहरीले उनीहरूलाई लाउड स्पीकरमार्फत तितरबितर हुन आग्रह गरेको छ। प्रदर्शनमा विद्यार्थी, विभिन्न पेशाका व्यक्तिहरू तथा परिवारसहितका सर्वसाधारण सहभागी भएका छन् ।

उनीहरूले भारतीय झण्डा बोकेर शिक्षामन्त्री प्रधान र प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध नाराबाजी गरेका छन् । 'कक्रोच जनता पार्टी' नामबाट परिचित यो आन्दोलन मे महिनामा सर्वोच्च अदालतका प्रधानन्यायाधीशले एक फरक मुद्दाको सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'कक्रोच' (साङ्ला) सँग तुलना गरेपछि सुरु भएको हो। प्रदर्शनकारीहरूले उक्त टिप्पणीलाई व्यङ्ग्यात्मक रूपमा आत्मसात गर्दै सामाजिक सञ्जालमार्फत आन्दोलनलाई व्यापक बनाएका हुन् ।

मेडिकल कलेज र सरकारी सेवाका प्रवेश परीक्षाको प्रश्नपत्र पटक-पटक चुहिएको घटनापछि बढेको असन्तुष्टिले आन्दोलनलाई थप बल दिएको हो । शनिबार अनशनरत अभियन्ता सोनम वाङचुकलाई प्रहरीले अस्पताल लगेको घटनापछि आन्दोलनले अझ व्यापक समर्थन पाएको छ। प्रदर्शनकारीहरू विगत एक महिनादेखि जन्तरमन्तरमा धर्ना दिँदै आएका छन् । उनीहरूले शिक्षामन्त्रीको राजीनामा, परीक्षा प्रणालीमा सुधार तथा प्रश्नपत्र चुहिएपछि आत्महत्या गरेका विद्यार्थीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन्। वाङचुकले सरकारले शिक्षा प्रणालीको सुधारका लागि ठोस प्रतिबद्धता जनाए वा प्रदर्शनकारीलाई संसद्सम्म पुग्न दिएर सांसदहरूले यी मुद्दा संसदमा उठाउने सुनिश्चित गरेमा मात्र आफ्नो करिब तीन सातादेखिको अनशन अन्त्य गर्ने बताएका छन्। दिल्ली प्रहरीले भने संसद्को मनसुन अधिवेशन सुरु भएकाले सुरक्षा कारण देखाउँदै मार्चको अनुमति नदिइएको जनाएको छ।







# जनकपुरधामक धरोहरक प्रश्न पर अब मौन नैइ: भूमि बचत कि राजनीति ?




**- मुरली मनोहर मिश्र,**
**(जनकपुर नागरिक समाज,**
**जनकपुरधाम-४, धनुषा,**
**नेपाल)**

परम आदरणीय संस्कृति-अनुरागी महानुभाव,
सन्ध्या-कालिन जय-जय सीयाराम

जनकपुरधाम केवल एकटा प्रशासनिक इकाई नैइ, बल्कि मिथिला सभ्यताक आत्मा अछि। एतयक गुठी, मठ, मन्दिर, धर्मशाला, पोखरी, पोखरीक डिल, परिक्रमा मार्ग आ सार्वजनिक जग्गा केवल जमीनक टुक्रा नैइ, बल्कि हजारौं वर्षक इतिहास, संस्कृति, आस्था आ लोकजीवनक जीवित प्रमाण छथि । एहि कारण एकर संरक्षण राजनीतिक मुद्दा नैइ, बल्कि नैतिक, संवैधानिक आ राष्ट्रिय दायित्व अछि ।

संघीय सरकारले जनकपुरधाम क्षेत्रक अतिक्रमित गुठी आ धार्मिक सम्पत्तिक संरक्षण तथा अतिक्रमण हटाबए लेल प्रतिवेदन कार्यान्वयन समिति गठन कएल। समिति गठनक तुरन्त बाद स्थानीय सरकार आ मधेश प्रदेश सरकार एकरा संघीयताविरोधी कदम कहि विरोध जनौलक। यी विरोध लोकतान्त्रिक अधिकार अवश्य अछि, मुदा प्रश्न उठैत अछि जे जखन धरोहर निरन्तर अतिक्रमित होइत रहल, तखन यी विरोध कतय गेल छल ?

विगत कतेको दशकमे जनकपुरधामक अनेक पोखरी भरि देल गेल, पोखरीक डिल पर भवन ठाढ़ भऽ गेल, गुठीक हजारौं कट्ठा जग्गा निजी कब्जामे चलि गेल, धार्मिक सम्पत्तिक उपयोग व्यक्तिगत लाभ लेल होमए लागल। यी सब एक दिनमे नैइ भेल। यी क्रमिक प्रशासनिक कमजोरी, राजनीतिक संरक्षण आ कानूनी निष्क्रियताक परिणाम अछि ।

यदि स्थानीय सरकार आ प्रदेश सरकार समयमै प्रभावकारी कदम उठौने रहितथि, तँ संघीय सरकारकेँ हस्तक्षेप करबाक आवश्यकता शायद नैइ पड़ति। एहन परिस्थितिमे संघीय सरकारक पहलकेँ केवल अधिकार अतिक्रमणक दृष्टिसँ मात्र नैइ, बल्कि सार्वजनिक सम्पत्तिक संरक्षणक प्रयासक रूपमे सेहो देखबाक आवश्यकता अछि ।

ओहिसँ बेसी चिन्ताजनक बात यी अछि जे बहस अतिक्रमण हटाबए पर नैइ, समिति के गठन पर केन्द्रित भऽ गेल अछि। जनकपुर नागरिक समाज जानए चाहैत अछि जे,

क) अतिक्रमणकारी के छथि ?
ख) कतेक सार्वजनिक सम्पत्ति फिर्ता होयत ?
ग) दोषीपर कारबाही होयत कि नैइ ?

दुर्भाग्यवश, एहि मूल प्रश्नसभ पर चर्चा कम, राजनीतिक आरोप-प्रत्यारोप बेसी भऽ रहल अछि ।

जनकपुर नागरिक समाजक स्पष्ट धारणा अछि जे कानून सभ लेल समान होबाक चाही। चाहे अतिक्रमणकारी सामान्य नागरिक होथि, प्रभावशाली व्यापारी, धार्मिक संस्था, राजनीतिक दलसँ सम्बद्ध व्यक्ति अथवा स्वयं सरकारी निकाय, सार्वजनिक सम्पत्तिपर अवैध कब्जा स्वीकार्य नैइ होयबाक चाही ।

तथापि, संघीय सरकार सेहो आलोचनासँ परे नैइ अछि। समिति गठनसँ पूर्व स्थानीय तह, प्रदेश सरकार, गुठी संस्थान, पुरातत्त्व विभाग, नागरिक समाज, धार्मिक अगुवा आ प्राविधिक विशेषज्ञसभसँ पर्याप्त समन्वय कएल गेल रहित तँ वर्तमान विवाद टारल जा सकैत छल । संघीयता के मर्म आदेश थोपबामे नैइ, सहभागितामूलक शासन व्यवस्थामे निहित अछि ।

आइ आवश्यकता राजनीतिक बयानबाजी नैइ, बल्कि समयबद्ध कार्ययोजनाक अछि। सम्पूर्ण गुठी जग्गाक डिजिटल अभिलेख सार्वजनिक होय। प्रत्येक अतिक्रमित पोखरीक नापजाँच पारदर्शी ढङ्गसँ होय। अतिक्रमण हटेबाक कार्य अदालतक आदेश, कानूनी प्रक्रिया आ मानवीय संवेदनशीलताक संग होय। मुक्त भेल सम्पत्तिक पुनः अतिक्रमण रोकबाक स्थायी संयन्त्र बनाओल जाय ।

जनकपुरधामक इतिहास साक्षी अछि जे जखन समाज मौन रहल, तखन धरोहर समाप्त होइत गेल। आब फेर यदि राजनीतिक विवादमे मूल उद्देश्य हराइत अछि, तँ भविष्यक पीढ़ी हमरा सभकेँ क्षमा नैइ करत ।

जनकपुर नागरिक समाज यी आग्रह करैत अछि जे संघ, प्रदेश आ स्थानीय सरकार अहंकार त्यागि साझा अभियान चलाबथि। अतिक्रमण हटाबए ककरो जीत वा हार नैइ, सम्पूर्ण समाजक जीत होयत। धरोहर बचत तँ जनकपुर बचत, जनकपुर बचत तँ मिथिलाक पहिचान बचत ।

अन्ततः प्रश्न यी नैइ अछि जे समिति के बनौलक। प्रश्न यी अछि जे की जनकपुरधामक गुठी, मठ, मन्दिर आ पोखरी वास्तवमे अतिक्रमणमुक्त होयत ? इतिहासक न्याय एहि प्रश्नक उत्तरसँ निर्धारित होयत, राजनीतिक भाषणसँ नैइ, हँ कि नैइ....

सल्लाह, सुझाव एवं प्रतिक्रिया अपेक्षित,

## सभक सहभागितासँ समृद्ध, स्वच्छ, हरियर आ सुशासित महोत्तरीक निर्माण

# विकासक यात्रा सभक साझा जिम्मेदारी



-विकास केवल सड़क, भवन, पुल वा भौतिक संरचनाक निर्माणक नाम नहि अछि। वास्तविक विकास ओहि समाजकेँ कहल जाइत अछि जतय स्वच्छता, सुशासन, अनुशासन, सामाजिक न्याय, नागरिक उत्तरदायित्व, वातावरण संरक्षण आ जनसहभागिता एकसाथ आगाँ बढ़ैत अछि। महोत्तरी जिलाकेँ समृद्ध, व्यवस्थित, स्वच्छ आ हरियर बनाबय लेल सरकारी संयन्त्र मात्र पर्याप्त नहि अछि। एकर लेल समाजक प्रत्येक वर्ग, प्रत्येक संस्था आ प्रत्येक नागरिकक सक्रिय योगदान अनिवार्य अछि ।

महोत्तरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक आ कृषि सम्भावनासँ सम्पन्न जिला अछि। एहि जिलामे प्राकृतिक स्रोत, मेहनती जनता, उर्वर भूमि, सांस्कृतिक विविधता तथा विकासक असीम सम्भावना उपलब्ध अछि। आवश्यकता केवल एहि सम्भावनाकेँ सही दिशा देबाक अछि। विकासक यात्रा तखन सफल होइत अछि, जखन सरकार, स्थानीय तह, सरकारी कार्यालय, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, उद्योगी, व्यापारी, सञ्चारकर्मी, शिक्षक, विद्यार्थी, युवा, महिला, दलित, अपाङ्ग, उत्पीडित वर्ग तथा सम्पूर्ण नागरिक एक उद्देश्यसँ आगाँ बढ़ैत छथि ।

आइ महोत्तरीक बजार क्षेत्रमे फुटपाथ अतिक्रमण एक गम्भीर समस्या बनि गेल अछि। पैदल यात्रीक लेल बनाओल गेल फुटपाथ जँ व्यापार वा अन्य प्रयोजनसँ भरि जाए, तऽ नागरिककेँ सड़क पर चलबाक बाध्यता रहैत अछि, जाहिसँ दुर्घटनाक जोखिम बढ़ैत अछि। फुटपाथ नागरिकक अधिकार अछि। एकर संरक्षण सभक दायित्व अछि। सम्बन्धित निकाय आ व्यापारी सभ मिलिकऽ एहन वातावरण निर्माण करथि जतय व्यापारो सुचारु रूपसँ चलय आ पैदल यात्रीक अधिकार सेहो सुरक्षित रहय ।

ट्राफिक व्यवस्थापन आधुनिक सभ्य समाजक महत्वपूर्ण आधार अछि। नियम पालन, सवारी साधनक अनुशासन, पैदल यात्रीक सम्मान, निर्धारित स्थान पर पार्किङ तथा ट्राफिक प्रहरीक निर्देशनक पालना सभ नागरिकक कर्तव्य अछि। अनुशासित ट्राफिक व्यवस्थासँ समयक बचत, दुर्घटनामे कमी तथा आर्थिक गतिविधिमे सकारात्मक प्रभाव पड़ैत अछि ।

फोहोर व्यवस्थापन केवल सरसफाइक विषय नहि, बल्कि सार्वजनिक स्वास्थ्य, वातावरण संरक्षण आ सभ्य समाजक पहिचान अछि । जँ घर, बजार, विद्यालय, कार्यालय तथा सार्वजनिक स्थलसभ स्वच्छ रहत, तखन मात्र स्वस्थ समाजक निर्माण सम्भव अछि। प्रत्येक नागरिक अपन घरसँ फोहोर छुट्याबय, सार्वजनिक स्थानमे फोहोर नहि फेकय, पुनःप्रयोगयोग्य वस्तुक पुनःप्रयोग करय तथा स्थानीय सरकारद्वारा सञ्चालित सरसफाइ अभियानमे सक्रिय सहभागिता जनाबय । स्वच्छ महोत्तरी भविष्यक स्वस्थ पुस्ताक लेल अमूल्य उपहार होयत ।

हरियर वातावरण विकासक अभिन्न आधार अछि । वृक्षारोपण, नदी, पोखरि, सार्वजनिक जग्गा तथा जैविक विविधताक संरक्षण सभक साझा जिम्मेदारी अछि । वातावरण संरक्षणक बिना दिगो विकास सम्भव नहि अछि । जलवायु परिवर्तनक चुनौतीकेँ दृष्टिगत करैत प्रत्येक वर्ष व्यापक वृक्षारोपण, हरित क्षेत्र विस्तार तथा वातावरण संरक्षणक अभियान चलायल जाए ।

सुशासन लोकतन्त्रक आत्मा अछि । पारदर्शिता, उत्तरदायित्व, विधिक शासन, जनउत्तरदायी सेवा, भ्रष्टाचारमुक्त प्रशासन तथा नागरिक सहभागिता सुशासनक आधारस्तम्भ छथि । जखन सरकारी कार्यालय आ नागरिकबीच विश्वास, सहकार्य आ उत्तरदायित्वक सम्बन्ध स्थापित होइत अछि, तखन विकासक गति स्वतः तीव्र भऽ जाइत अछि ।

राजनीतिक दलसभ लोकतान्त्रिक व्यवस्थाक महत्वपूर्ण अंग छथि। विचार अलग-अलग भऽ सकैत अछि, मुदा विकासक सवाल पर सभ एक मंच पर आबथि । महोत्तरीक विकास राजनीतिक प्रतिस्पर्धासँ नहि, बल्कि साझा सहकार्यसँ सम्भव अछि। समाजसेवी, बुद्धिजीवी, शिक्षक, पत्रकार, उद्योगी, व्यापारी तथा युवावर्ग परिवर्तनक अग्रदूत बनथि ।

युवाशक्ति राष्ट्रक ऊर्जा अछि । हुनक सकारात्मक सोच, नवप्रवर्तन, श्रम, प्रविधिक ज्ञान आ सामाजिक सक्रियतासँ महोत्तरीकेँ विकासक नयाँ उचाइ पर पुऱ्याओल जा सकैत अछि। महिला सहभागिताक बिना समृद्ध समाजक कल्पना अधूरा अछि। तहिना दलित, अपाङ्ग तथा उत्पीडित समुदायकेँ विकासक मूलधारमे सम्मानपूर्वक सहभागी बनाओल जाए, तखन मात्र समावेशी विकासक लक्ष्य पूरा होयत ।

महोत्तरीकेँ स्वच्छ, सुन्दर, हरियर, अनुशासित, सुरक्षित तथा समृद्ध जिला बनाबयक समय आबि गेल अछि। एहि अभियानमे सरकारसँ बेसी नागरिकक चेतना आ सहभागिता निर्णायक भूमिका खेलैत अछि। जँ प्रत्येक व्यक्ति अपन घर, टोल, विद्यालय, कार्यालय, बजार तथा सार्वजनिक सम्पत्तिप्रति जिम्मेवार बनय, तऽ परिवर्तन निश्चित अछि ।

आउ, हम सभ एक स्वरमे संकल्प करी–फुटपाथ अतिक्रमणमुक्त महोत्तरी, व्यवस्थित ट्राफिक, वैज्ञानिक फोहोर व्यवस्थापन, हरियर वातावरण, पारदर्शी सुशासन आ समृद्ध महोत्तरीक निर्माणमे अपन सक्रिय योगदान देब । विकास सरकारक मात्र कार्यक्रम नहि, बल्कि हम सभक साझा संस्कार बनय ।

**लेखक परिचय**

रामप्रसाद लुइटेल हाल जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिक कार्यालय, महोत्तरीक रूपमे कार्यरत छथि । प्रशासनिक सेवाक दीर्घ अनुभवसँ समृद्ध लेखक लुइटेल विकास, समृद्धि, सुशासन, वातावरण संरक्षण, फोहोर व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, स्थानीय शासन तथा नागरिक उत्तरदायित्व जेकाँ विषयसभ पर निरन्तर कलम चलाबैत रहैत छथि । हुनकर लेखनक मूल उद्देश्य समाजमे सकारात्मक चेतना, जनसहभागिता, उत्तरदायी नागरिक संस्कार तथा दिगो विकासक भावना सुदृढ़ करब अछि ।

“पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“


सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday